कालिञ्चोक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुनखानी, दोलखा

## सेवा करारमा जनशक्ति लिने बारेको सूचना

**(सूचना प्रकाशित मिति: २०७५/०६/०७ गते**

यस कार्यालयलाई चालु आर्थिक बर्षको लागि देहायको जनशक्ति आवश्यक परेकोले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र आईपुग्ने गरी यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। ईच्छुक उम्मेदवारले निवेदनसाथ व्यक्तिगत विवरण (CV), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणप्रत्रका प्रतिलिपीहरु, कार्यानुभवका प्रमाणपत्रका प्रतिलिपीहरु तोकिएको समयभित्र यस कार्यालयमा आईपुग्ने गरी पठाउनु पर्नेछ। समय नाघेर आएको, अपुरो एवं रित नपुगेको निवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन। उम्मेदवारको आवश्यक शैक्षिक योग्यता एवं अनुभव, नेपाल सरकार लोकसेवा आयोगले तोके बमोजिम हुनेछ। कार्यविवरण, छनौट मापदण्ड लगायतका विस्तृत विवरणका सम्बन्धमा कार्यालयबाट जानकारी प्राप्त गर्न सकिनेछ।

| क्र. सं. | विज्ञापन नम्बर | पद | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | आवेदन फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०७५-७६ | असिष्टेण्ट सब इन्जिनियर | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट T-SLC (सिभिल इन्जिनियर) वा सो सरह उत्तिर्ण गरेको | रु ५००।- |
| २ | २/२०७५-७६ | अनमी | ७ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट A.N.M. विषय लिई प्राविधिक एस.एल.सी. वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने | रु ५००।- |
| ३ | ३/२०७५-७६ | अ.हे.व. | ३ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट C.M.A. विषय लिई प्राविधिक एस.एल.सी. वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने | रु ५००।- |
| ४ | ४/२०७५-७६ | नायब पशु सेवा/स्वास्थ्य प्रा. | २ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट T-SLC (VJTA) उत्तिर्ण गरेको वा सो सरह | रु ५००।- |
| ५ | ५/२०७५-७६ | हलुका सवारी चालक | १ जना | हलुका सवारी चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने | रु ४००।- |
| ६ | ६/२०७५-७६ | हेभी सवारी चालक | १ जना | हेभी सवारी चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने | रु ४००।- |
| ७ | ७/२०७५-७६ | व्याक हो लोडर चालक (अपरेटर) | १ जना | व्याक हो लोडर चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने। | रु ४००।- |

**१. कार्य अवधि :** सेवा करार अवधि करार गरिएको मिति देखि २०७६ असार मसान्तसम्म हुनेछ।

**२. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

क) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि/सबारी चालकको हकमा सवारी चालक अनुमति पत्रको प्रतिलिपी।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

ग) व्यक्तिगत विवरण (CV)

घ) दस्तुर बुझाएको सक्कलै भौचर।

**पुनश्च : पेश गरिएका सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंमले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।**

**३. दरखास्त दर्ता :** दरखास्त फारम तोकिएको ढाँचामा भरी कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालयमा तोकिएको अवधिभित्र रितपूर्वक बुझाई सक्नुपर्नेछ।

**४. दरखास्त पाइने स्थान:** गाउँकार्यपालिकाको कार्यालय, सुनखानी, दोलखा तथा कार्यालयको website: www.kalinchowkmun.gov.np मा समेत प्राप्त गर्न सकिनेछ।

**५. दरखास्त शूल्क :** दरखास्त शूल्क सम्बन्धमा यस कार्यालयको नेपाल बैंक लिमिटेड चरिकोट शाखाको कोष खाता नं. 1300300000004001017 मा समेत जम्मा गर्न सकिनेछ। दरखास्त बुझाउँदा सो को सक्कल भौचर बुझाउनु पर्नेछ।

**६. पारिश्रमिक :** नियमानुसार हुनेछ।

**७. परीक्षण पद्धति :** लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता (सवारी चालकको हकमा प्रयोगात्मक तथा अर्न्तवार्ता)।

**८. सर्म्पक मिति :** २०७५ आश्विन २२ गते कार्यालय समय भित्र।

**९. परीक्षा हुने मिति :** सम्पर्क मितिमा तोकिनेछ।